# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

Child and Youth Finance International को आह्वानमा नेपालमा मनाइँदै



आएको अन्तर्राष्ट्रिय वित्तीय साक्षरता सप्ताह (Global Money Week, March 9-17) को अवसरमा नेपाल राष्ट्र बैंकद्वारा २०७१ फागुन ३० गते काठमाडौंको वसन्तपुरबाट भोटाहिटी, जमल, घण्टाघर, पुतलीसडक हुँदै भृकुटीमण्डपसम्म वित्तीय साक्षरता सम्बन्धी र्‍यालीको आयोजना गरियो ।

सर्वसाधारण तथा सरोकारवालाहरूमा वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित उक्त र्‍यालीमा गभर्नर, नेपाल राष्ट्र बैंकका अधिकृत तथा कर्मचारीहरू, विभिन्न बैंक तथा वित्तीय संस्थाका पदाधिकारी एवम् कर्मचारीहरू, शिक्षक, विद्यार्थी, अभिभावक, नेपाल स्काउट, गैर सरकारी संस्था, युनिसेफ लगायतका करिव ५० वटा सम्बद्ध निकायका तर्फबाट झण्डै चार हजार सहभागीहरूको उत्साहप्रद उपस्थिति रहेको थियो ।

कार्यक्रममा शुभारम्भ मन्तव्य व्यक्त गर्दै गभर्नर डा. युवराज खतिवडाले वित्तीय चेतना अभिवृद्धिको विषय सर्वसाधारणका लागि मात्र नभई बैंक तथा वित्तीय क्षेत्रमा व्यावसायिकता अभिवृद्धिका लागि समेत अत्यावश्यक रहेको बताउनुभयो ।

गभर्नर डा. खतिवडाले वित्तीय चेतनाले वित्तीय सेवाको उपयोग गर्न, वित्तीय जोखिम न्यूनीकरण गर्न, वित्तीय अपराध नियन्त्रण गर्न र मुलुकमा पुँजीबजारप्रति आकर्षण बढाउन पनि महत्वपूर्ण भूमिका खेल्ने भएकाले यस्ता कार्यक्रमलाई प्रवर्द्धन गर्न आवश्यक रहेको धारणा राख्नु भयो । बढ्दो वित्तीय चेतनाले बचत संकलन र कर्जा प्रवाह विस्तार भई मुलुकमा उत्पादन, आय तथा रोजगार अभिवृद्धि मार्फत समावेशी विकासका लागि आधार तयार हुने विश्लेषण पनि सो अवसरमा गभर्नर डा. खतिवडाले गर्नु भयो ।

<u>आजको बचत भोलिको सुरक्षा</u> भन्ने मूल नाराका साथ आयोजित सो पदयात्रा पश्चात् सहभागी विद्यार्थीहरूलाई सम्बोधन गर्दै गभर्नर डा.



खतिवडाले विद्यार्थी पुस्ता नै देशको भविष्यका निर्माता भएको हुँदा सानैदेखि वित्तीय ज्ञान आर्जन गरी उद्यमशील नागरिक बनी मुलुकको समृद्धिका लागि योगदान दिन आग्रह गर्नुभएको थियो । सो उद्देश्य परिपूर्तिका लागि नेपाल राष्ट्र बैंकले विद्यार्थीसँग नेपाल राष्ट्र बैंक नामक कार्यक्रम समेत सञ्चालन गरिरहेको विषयमा गभर्नर डा. खतिवडाले सहभागीहरूलाई जानकारी गराउनु भयो ।

**२०७१ चैत १ गते, आइतबार**

**गभर्नरको कार्यालय**